३. खुल्ला रूपमा निकासी गर्न दिइने वस्तुहरू :

निकासीमा प्रतिबन्ध नलगाइएका र परिमाणात्मक बन्देजमा नपरेका वस्तुहरू ।

द्रष्टव्य :

(१) उपरोक्त अनुसार तोकी दिएका वस्तुहरूमध्ये परिमाणात्मक बन्देज-अन्तर्गतका सामान कति परिमाणसम्म निकासी गर्न दिइने हो प्रत्येक आर्थिक वर्षको शुरूमा स्पष्ट खुलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयले सूचना प्रकाशित गर्नेछ । आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गरी त्यस्ता वस्तुहरूको संख्या र परिमाण पनि संशोधन गरिनेछ ।

(२) माथिको वर्गीकरणमा परेको वस्तुहरूको शीर्षकअन्तर्गत के कस्तो सामान निकासी हुन सक्दछ त्यसको कार्यविधि र व्याख्या वाणिज्य विभागले समय समयमा सूचना प्रकाशित गरी गर्नेछ ।

यस सम्बन्धमा खण्ड २७ मिति २०३४।२२।१८ अतिरिक्ताङ्क ६० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
शंकरकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट निकासी वा पैठारी गर्दा देहायका वस्तुहरूबाहेक अन्य वस्तुहरूको लागि इजाजतपत्र लिनु पर्ने गरी आजैका मितिदेखि नियन्त्रण गरेकोले यो आदेश जारी गरेको छ ।

(क) निकासीतर्फ :

(१) विभिन्न वस्तुहरूबाट निर्मित हस्तकलाका वस्तुहरू ।

(२) ऊनबाट बनेका वस्तुहरू (गलैंचाबाहेक) ।

(३) जूटका सामानहरू (हैसियन, ब्याग) ।

(४) सूठो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अलैंची ।
(६) चीज ।
(७) कत्था, कच्छ ।

(ख) पैठारीतर्फ :

(१) सिमेण्ट ।
(२) पेट्रोलियम पदार्थहरू ।
(३) मल खाद ।
(४) फलामका सामानहरू ।
(५) कर्कटपाता ।
(६) तामा, पित्तल र अन्य धातु ।
(७) औद्योगिक मेशीनरी र त्यसको पार्टपूर्जा ।

द्रष्टव्य :

माथि उल्लेख भएको वस्तुहरूको शीर्षकअन्तर्गत के कस्ता सामानहरू पर्दछन् त्यसको व्याख्या गरी वाणिज्य विभागले समय समयमा सूचना प्रकाशित गर्नेछ ।

यस सम्बन्धमा खण्ड २७ मिति २०३४।१२।१८ अतिरिक्ताङ्क ६० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
शंकरकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

982

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग